आज मिति २०७६ साल माघ २३ गते दिउँसो ३ :०० वजे भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्तीज्युको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा कार्यपालिकाको बैठक वसी निम्नानुसारका निर्णय गरियो ।

उपस्थिति

| क्र.सं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | |
| २ | श्री भावना भण्डारी | नगर उप–प्रमुख | |
| ३ | श्री दिपक राना | अध्यक्ष वडा नं.–१ | |
| ४ | ~~श्री कालि वहादुर वली~~ तारालाल रोकाया | का.वा. अध्यक्ष वडा नं.–२ | |
| ५ | श्री लिला वहादुर शाह | अध्यक्ष वडा नं.–३ | |
| ६ | श्री खम्व जंग शाह | अध्यक्ष वडा नं.–४ | |
| ७ | श्री श्याम लाल जैसी | अध्यक्ष वडा नं.–५ | |
| ८ | श्री शसिराम वुढा | अध्यक्ष वडा नं.–६ | |
| ९ | श्री चन्द्र वहादुर शाही | अध्यक्ष वडा नं.–७ | |
| १० | श्री कर्ण बहादुर कार्की | अध्यक्ष वडा नं.–८ | |
| ११ | श्री ध्रुव प्रसाद पौडेल | अध्यक्ष वडा नं.–९ | |
| १२ | श्री ठगेन्द्र वहादुर राना | अध्यक्ष वडा नं.–१० | |
| १३ | श्री ~~लक्ष्मी प्रसाद जैसी~~ नन्द ब.वि.क. | का.वा. अध्यक्ष वडा नं.–११ | |
| १४ | श्री निम वहादुर भनारी | अध्यक्ष वडा नं.–१२ | |
| १५ | श्री गोपाल वहादुर वटाला | अध्यक्ष वडा नं.–१३ | |
| १६ | श्री पार्वती वि.क. | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री मनकला नेपाली | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री विन्दु शाही | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री सृजना वि.क | नगर कार्यपालिका सदस्य | |
| २० | श्री विर वहादुर वादी | नगर कार्यपालिका सदस्य | |
| २१ | श्री मिना पुन | नगर कार्यपालिका सदस्य | |
| २२ | श्री भद्रकला डाँगी | नगर कार्यपालिका सदस्य | |
| २३ | श्री रति नेपाली | नगर कार्यपालिका सदस्य | |
| २४ | श्री दल बहादुर घर्ती | प्रमुख प्रशासकिय अधिकृत) | |
| | आमन्त्रित | | |
| १ | श्री प्रकाश कुमार शाही | कानुन अधिकृत | |
| २ | श्री सुर्य प्रसाद लम्साल | सुचना प्रविधि अधिकृत | |

निर्णयहरूः

१. बिधायन समितिबाट सिफारिस भई आएका देहायका नीति तथा कार्यविधिहरू पारीत गर्नेः

<u>नीतितर्फः</u>

क. भेरी नगरपालिकाको स्वास्थ्य नीति, २०७६

<u>कार्यविधिः</u>

क. नगर सभा संचालन कार्यविधि, २०७६

ख. एफएफ रेडियो संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६

ग. नदी तथा अन्य सार्वजनिक क्षेत्रको सरसफाई सम्बन्धी कार्यविधि, २०७६

२. मिति २०७६।१०।२४ गते देखि शुरू हुने विधायन सभामा पेश गर्नका लागि बिधायन समितिले पेश गरेका तपसिलमा उल्लेखित मस्यौदा बिधेयक र बिभिन्न कानूनमा गर्नु पर्ने संशोधन प्रस्ताव अध्ययनका लागि सभा सदस्यहरूलाई पठाउनेः

<u>तपसिलः</u>

बिधेयकहरूः

क. भेरी नगरपालिकामा वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६

ख. भेरी नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको बिधेयक, २०७६

<u>संशोधन प्रस्तावहरूः</u>

<u>भेरी नगरपालिका न्यायिक समिति (कार्यविधि) ऐन, २०७४ मा गरिनु पर्ने संशोधनहरूः</u>

१. ऐनको परिच्छेद ५ को दफा ३२ को (२) मा उपदफा (१) बमोजिमको पेशी सूची संयोजकले र निजको अनुपस्थितिमा निजले जिम्मेवारी **तोकेको** समितिको सदस्यले प्रमाणित गर्नु पर्नेछ भन्ने उल्लेख भएकोमा **तोकेको** भन्ने शब्द संशोधन गरी **उपस्थित** सदस्यले भन्ने शब्द राख्ने ।

२. ऐनको परिच्छेद ७ दफा ४९ को (१) बमोजिमको सचिवालयमा आवश्यकता अनुसार रहने कर्मचारीहरूमा "उजुरी प्रशासक" भनी उल्लेख भएकोमा उक्त पदको नाम "न्याय प्रशासक" भन्ने शब्द संशोधन गरी ऐनमा "उजुरी प्रशासक" शब्द उल्लेख भएको सबै स्थानमा "न्याय प्रशासक" राख्ने ।

३. ऐनको परिच्छेद ८ को दफा ५९, उपदफा (१) को (क) मेलमिलापकर्ताको योग्यतामा कम्तीमा स्नातक उत्तिर्ण गरेको भन्ने उल्लेख भएकोमा स्नातकको सट्टा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण भन्ने संशोधन गर्ने ।

४. दफा ७१ मा मेलमिलाप दस्तुर सम्बन्धमा मेलमिलापमा जाने विवादको हकमा मेलमिलापकर्ताले पक्षहरूले सहमतिमा दिन मन्जुर भएदेखि बाहेक कुनै प्रकारको दस्तुर लाग्ने छैन । तर पक्षहरूको सहमतिमा मेलमिलापकर्ताले पक्षहरूबाट बढीमा रू ५००।- लिन पाउने छन् भनी उल्लेख भएकोमा रू ५००।- को सट्टा रू १०००।- भनी संशोधन गर्नु पर्ने ।

<u>**स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन, २०७४**</u>

स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन, २०७४ को दफा ५ को उपदफा (१) अनुसार गठन हुने समितिको नाम **स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समिति** भन्ने उल्लेख भएकोमा सोको सट्टा **स्वास्थ्य सेवा संचालन, व्यवस्थापन तथा अनुगमन समिति** भनी संशोधन गर्ने । हाल विध्यमान देहाय अनुसारको उक्त समितिमा देहाय अनुसार संशोधन गर्ने

| क्र.सं. | हालको व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|
| क. | स्वास्थ्य क्षेत्र हेर्ने कार्यपालिका सदस्य -अध्यक्ष | नगर प्रमुख – अध्यक्ष |

| | | |
|---|---|---|
| ख. | स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी कार्यपालिकाले तोकेको १ जना -सदस्य | जनसंख्या तथा सामाजिक समिति संयोजक -सदस्य |
| ग. | आमा समूह र स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येबाट कार्यपालिकाले तोकेको १ जना, -सदस्य | प्रमुख प्रशासकिय अधिकृत -सदस्य |
| घ. | स्वास्थ्य संस्था ब्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक वर्ष परिवर्तन हुने गरी कार्यपालिकाले तोकेका १ जना -सदस्य | जिल्ला स्वास्थ्य कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य |
| ङ. | स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख -सदस्य सचिव | नगर स्वास्थ्य शाखा प्रमुख -सदस्य सचिव |

**जलश्रोत नियमावली, २०७५ मा संशोधनः**

भेरी नगरपालिकाको जलश्रोत नियमावली, २०७५ को नियम ८ को (३) मा उपभोक्ता संस्था दर्ता नविकरण सम्बन्धि व्यवस्थामामा उपनियम (१) बमोजिम दर्ता भएका उपभोक्ता संस्था अविछिन्न उत्तराधिकारवाला संस्था भएकोले नवीकरण गर्नुपर्ने छैन भनी उल्लेख भएको तर कुनै उपभोक्ता समिति नविकरण गर्न ईच्छुक भएमा यस उपनियमले बाधा पर्ने छैन। तोकिए बमोजिमको शुल्क दस्तुर लिई नवीकरण गर्न सकिने छ भन्ने बाक्यांश थप गर्ने ।

**स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७४**

स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७४ को बुँदा नं. ५ को (१) मा उभोक्ता समितिका सदस्यहरूको योग्यता तोकिएको र (२) मा बुँदा नं. (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि जनप्रतिनिधि, राजनीतिक दलका पदाधिकारी, बहालवाला सरकारी कर्मचारी र शिक्षक उपभोक्ता समितिको सदस्यमा बस्न पाईने छैन भन्ने बाक्यांशमा संशोधन गरी निर्माण व्यवसायि इजाजत पत्र लिएका व्यवसायि, सेवा निवृत भई निवृतिभरण पाउने कर्मचारी एवं गैर सरकार संस्थाहरूमा काम गर्ने कर्मचारी उपभोक्ता समितिमा बस्न पाईने छैन भन्ने बाक्यांश थप गर्ने ।

**भेरी नगरपालिकाको कृषि कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७४**

भेरी नगरपालिकाको कृषि कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७४ को परिच्छेद ४ को बुँदा नं. ९ को (२) (III) मा निम्न बाक्यांश थप गर्नेः

- भकारो सुधार कार्यक्रम संचालनको लागी व्यक्ति÷व्यक्तिगत फर्म÷कृषक समूह वढिमा १० हजार सम्म उपलब्ध गराउन सकिने छ ।
- उक्त कार्यक्रम संचालनको लागी कार्यालयबाट प्राप्त अनुदान रकम बराबर व्यक्ति/व्यक्तिगत फर्म/कृषक समूहले व्यहार्नु पर्ने छ ।

**पदाधिकारीहरूको सेवा सुविधा सम्बन्धि निर्देशिका, २०७५**

पदाधिकारीहरूको सेवा सुविधा सम्बन्धि निर्देशिका, २०७५ को बुँदा नं. ७ को ख मा वडा समितिका सदस्यहरूले मुध्दाको मेलमिलाप गराए वापत प्रति मुध्दा एकमुष्ट रुपमा १५००।- एक हजार पाँच सयका दरले भता पाउनेछन् भन्ने प्रावधान भएकोमा मेलमिलापकर्ता समेत मेलमिलाप भएको खण्डमा १५००।- एक हजार पाँच सय र मेलमिलाप हुन नसकेमा सोको आधा रकम पाउने छन् भन्ने प्रावधान थप्नु पर्ने ।